# रास्पी स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी (शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक) को छनोट तथा सिफारीस सम्बन्धी कार्यविधि, २०८३

**स्वीकृत मितिः २०८३/०४/२२**

**<u>प्रस्तावनाः</u>** रास्पी स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको छनोट, सिफारिस तथा नियुक्ति प्रकृयालाई योग्यता प्रणालीमा आधारित, वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शि बनाई योग्य एवं सक्षम व्यक्ति नियुक्ति गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

"रास्पी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ (स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३ द्वारा संशोधित) को दफा २०,२१,२२ र २३ को उपदफा (१) बमोजिम कार्यकारी परिषद्लाई प्राप्त अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।"

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस कार्यविधिको नाम "रास्पी स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी (शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक) को छनोट तथा सिफारीस सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रतिष्ठानको कार्यकारी परिषदले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले रास्पी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले रास्पी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद् भन्नाले ऐनको दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्नेछ ।

(ङ) "पदाधिकारी" भन्नाले ऐन वमोजिम नियुक्त हुने प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकलाई सम्झनु पर्छ।

(च) "सह-कुलपति" भन्नाले ऐनको दफा १८ बमोजिमको सह-कुलपति सम्झनु पर्नेछ ।

(छ) "उप-कुलपति" भन्नाले ऐनको दफा १९ बमोजिमको उप-कुलपति सम्झनु पर्नेछ ।

(ज) "शिक्षाध्यक्ष" भन्नाले ऐनको दफा २० बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्नेछ ।

(झ) "रजिष्ट्रार" भन्नाले ऐनको दफा २१ बमोजिमको रजिष्ट्रार सम्झनु पर्नेछ ।

(ञ) "डीन" भन्नाले ऐनको दफा २२ बमोजिमको डीन सम्झनु पर्नेछ ।

(ट) "निर्देशक" भन्नाले ऐनको दफा २३ बमोजिमको निर्देशक सम्झनु पर्नेछ ।

(ठ) "समिति" भन्नाले दफा ३ बमोजिम प्रतिष्ठानका पदाधिकारीको छनोट तथा सिफारीस समिति सम्झनु पर्छ।

(ड) "अख्तियारवाला" भन्नाले पदाधिकारीको नियुक्ति गर्न प्रचलित नेपाल कानून बमोजिम अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले प्रतिष्ठानको दफा ३(क) बमोजिमको सिफारिस समितिको अध्यक्ष भन्ने सम्झनु पर्छ।

(ण) "उम्मेदवार" भन्नाले प्रतिष्ठानका पदाधिकारीको पदमा छनोट गरी नियुक्तिका लागि पेश गरेका दरखास्त मध्ये न्यूनतम् योग्यता भएका स्वीकृत दरखास्तका उम्मेदवार सम्झनु पर्छ।

(त) "विषय विज्ञ वा दक्ष" भन्नाले मान्यताप्राप्त विश्व विद्यालय वा शिक्षण संस्थाबाट चिकित्साशास्त्र विज्ञानको कुनै पनि विषयमा स्नातकोत्तर तह उतिर्ण गरी सम्बन्धित क्षेत्रमा पन्ध्र वर्षको अनुभव प्राप्त विज्ञ वा दक्ष व्यक्ति सम्झनु पर्छ।

(थ) "नजिकका नातेदार" भन्नाले 'पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राखे बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी, बहिनी, ठूलोबाबु, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, जेठी सासु, साला, साली, साडू दाई, साडु भाई, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठान सम्झनु पर्छ।

# परिच्छेद-२

## सिफारिस समिति

३. **<u>सिफारिस समितिको गठन:</u>** प्रतिष्ठानका पदाधिकारीको छनोट तथा सिफारिस गर्न देहाय बमोजिम एक सिफारिस समिति रहनेछः-

(क) प्रतिष्ठानका उपकुलपति -अध्यक्ष

(ख) अध्यक्षद्वारा मनोनित अध्यापनसँग सम्बन्धित विषयविज्ञ वा दक्ष व्यक्ति -सदस्य

(ग) अध्यक्षद्वारा विभिन्न प्रतिष्ठान तथा विश्वविद्यालयहरूमध्येबाट मनोनित पदाधिकारी, पूर्व पदाधिकारी वा अध्यापनसँग सम्वन्धित विषयविज्ञ -सदस्य

४. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** (१) दफा ३ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्तिको लागि खुला दरखास्त आवेदन दिन कम्तिमा सात (७) दिनको अवधि राखि प्रतिष्ठानको सूचना प्रणाली मार्फत दरखास्त आव्हान गर्ने,

(ख) प्राप्त हुन आएका दरखास्तको प्रारम्भिक छानविन गरी संक्षिप्त सूची तयार गर्ने,

(ग) संक्षिप्त सूचीमा परेका उम्मेदवारको कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता सञ्चालन गर्ने,

(घ) मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने उमेदवारहरूमध्येबाट प्रत्येक पदका लागि योग्य व्यक्तिको नाम नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्ने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सिफारिस गर्दा प्रत्येक पदको लागि उच्चतम अङक प्राप्त गर्ने उम्मेदवार मध्ये योग्यताक्रमका आधारमा बढीमा तीन जना योग्य व्यक्तिको नाम नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) समितिले उम्मेदवारको मूल्याङ्कनका आधार, अङ्कभार र सिफारिस सम्बन्धी अन्य प्रक्रिया ऐन, नियमावली वा यस कार्यविधिसँग नबाझिने गरी आफैंले निर्धारण गर्न सक्नेछ।

५. **बैठक सम्बन्धी व्यवस्था:** बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिको बैठकको गणपुरक सङ्ख्याका लागि समितिका सबै सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ।

(ङ) समितिको निर्णय मा  अध्यक्ष सहित सबै सदस्यको हस्ताक्षरबाट प्रमाणित भएको हुनुपर्नेछ।

(च) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

६. **शिक्षाध्यक्षको योग्यता:** (१) प्रतिष्ठानको शिक्षाध्यक्ष नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्सा शास्त्र वा स्वास्थ्य विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको,

(ग) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(घ) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालको प्राध्यापक (Professor) पदमा कम्तिमा एक (१) वर्ष प्राध्यापन गरेको

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको पदाधिकारी वा विभागीय प्रमुख वा मन्त्रालय र अन्तर्गतका निकायमा कार्यालय प्रमुखको रूपमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरी उत्कृष्ट व्यवस्थापकीय सिप, क्षमता र कौशल प्रदर्शन गरेको,

(च) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा दुई (२) वटा र सह-लेखक (Co-author) भई कम्तीमा तीन वटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(छ) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ज) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(झ) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(ञ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

७. **<u>रजिष्ट्रारको योग्यताः</u>** प्रतिष्ठानको रजिष्ट्रार नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट जनप्रशासन, व्यवस्थापन, कानून, जनस्वास्थ्य वा स्वास्थ्य विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(ग) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता हुनु पर्ने भए दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(घ) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पताल निजामती, स्वास्थ्य सेवा वा सरकारी सेवाको कम्तीमा राजपत्राङ्कित द्वित्तिय श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच (५) बर्षको अनुभव भएको वा शिक्षण अस्पतालको सहप्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा कम्तीमा एक (१) वर्ष प्राध्यापन गरेको,

(ङ) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा एक वटा र सह-लेखक (Co-author) भई कम्तीमा तीन वटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(छ) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(ज) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(झ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

८. **डीनः** प्रतिष्ठानको डीन नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्सा शास्त्र वा स्वास्थ्य विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको,

(ग) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(घ) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालको प्राध्यापक ( Professor) पदमा कम्तिमा एक (१) वर्ष प्राध्यापन गरेको

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको पदाधिकारी वा विभागीय प्रमुख वा मन्त्रालय र अन्तर्गतका निकायमा कार्यालय प्रमुख रही कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरी उत्कृष्ट व्यवस्थापकीय सिप, क्षमता र कौशल प्रदर्शन गरेको,

(च) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा दुई (२) वटा र सह-लेखक (Co-author) भई कम्तीमा तीन वटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(छ) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ज) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(झ) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(ञ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

९. **<u>निर्देशकको योग्यता:</u>** प्रतिष्ठानको निर्देशक नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट जनस्वास्थ्य, वा स्वास्थ्य विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(ग) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता हुनु पर्ने भए दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको।

(घ) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पताल निजामती, अस्पताल वा सरकारी सेवाको कम्तिमा राजपत्रांकित द्धित्तीय वा सो सरहको पदमा कम्तीमा पाँच (५) बर्षको अनुभव भएको वा सहप्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा कम्तिमा एक वर्षको (१) कार्य अनुभव रहेको।

(ङ) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा एक वटा र सह-लेखक (Co-author) भई कम्तीमा तीन वटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(च) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(छ) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(ज) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(झ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

१०. **<u>दरखास्त आह्वान:</u>** (१) प्रतिष्ठानका पदाधिकारी (शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक) को नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी सम्बन्धित प्रतिष्ठानको वेवसाइटमा कम्तीमा सात दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको म्याद भित्र प्रतिष्ठानका पदाधिकारीमा नियुक्तिको लागि इच्छुक न्युनतम योग्यता पुरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

११. **<u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातः</u>** न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दफा ९ को उपदफा (२) बमोजिमको दरखास्तका साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) स्नातक, स्नातकोत्तर तह र सो भन्दा माथिका भए सो को समेत शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि एवम् समकक्षता लिनु पर्ने अवस्थामा सो लिएको प्रमाण पत्र,

(ग) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता हुनुपर्ने भएकोमा दर्ता भई प्रमाणपत्र अद्यावधिक भएको,

(घ) विश्वविद्यालय वा प्रतिष्ठानको प्राध्यापक/सह- प्राध्यापक/उप- प्राध्यापक पदमा नियुक्त भएको भए नियुक्तिपत्रको प्रतिलिपि,

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, निजामती, अस्पताल, स्वास्थ्य संस्था वा सरकारी सेवाको कार्य अनुभव खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) First Author, Co-author भई गरेका अनुसन्धानमूलक प्रकाशनको विवरण,

(छ) अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन विवरण तथा प्रमाणको प्रतिलिपि, लिंकहरू भए सो समेत,

(ज) संम्बन्धित विषयमा कुनै तालिम लिएको भए सो को प्रमाणपत्र सहितको विवरण

(झ) सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार शब्दहरू समावेश रहेको सोच पत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) (अंग्रेजीमा भए Times New Roman 12 र नेपालीमा भए युनिकोडमा १२ फन्ट साइज र double line space मा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरु देखी अन्त्य सम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्ने)

(ञ) अनुसूची-२ बमोजिमको स्वघोषणा पत्र।

१२.  **<u>दरखास्तको रुजु तथा मूल्याङ्कन विधि:</u>** (१) यस कार्यविधिको दफा ६, ७, ८ र १० बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त सिफारिस समितिले रुजु तथा मूल्याङ्कन गरी गराई सबैभन्दा बढी अंक प्राप्त गर्ने रिक्त एक पदको लागि अधिकतम सात जनासम्म उम्मेदवारहरुको सूची तयार गरी वर्णानुक्रम अनुसार प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि संक्षिप्त सूची प्रकाशन गर्नुपर्नेछ।

(२) सिफारिस समितिले उपदफा (१) बमोजिमको संक्षिप्त सूचीमा रहेका उम्मेदवारहरुको प्रस्तुतीकरण तथा अन्तर्वार्ता लिई कूल प्राप्ताङ्कका आधारमा रिक्त एक पदका लागि अधिकतम तीन जनाका दरले उम्मेदवार छनोट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्नुपर्नेछ।

तर तीन जना भन्दा कमको दरखास्त परेको वा तीन जना भन्दा कम व्यक्ति योग्य भएको अवस्थामा सो भन्दा कम व्यक्तिको सिफारिस गर्न सकिनेछ।।

(३) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

१३.  **<u>स्वःघोषणा गर्नुपर्नेः</u>** (१) सिफारिस समितिका संयोजक तथा सदस्यहरूले उम्मेदवारको मूल्याङ्कन तथा सिफारिस प्रक्रियामा सहभागी हुनु अघि निजहरूसँग आफ्नो कुनै प्रकारको स्वार्थ नबाझिएको भनी अनुसूची-३ मा तोकिए बमोजिमको ढाँचामा स्वःघोषणा गर्नुपर्नेछ।

(२) समितिका कुनै सदस्य वा मूल्याङ्कन विज्ञ टोलीका सदस्यको नजिकका नातेदारले पदाधिकारी वा सदस्यको पदमा दरखास्त पेश गरेको अवस्थामा वा कुनै उम्मेदवारसँग स्वार्थ बाझिने (Conflict of Interest) अवस्था रहेमा त्यस्तो सदस्य वा विज्ञ सम्बन्धित पदको मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा परी सदस्य तथा विज्ञको हकमा समितिको अध्यक्षलाई र अध्यक्षको हकमा मन्त्रालय वा अख्तियारवालालाई लिखित जानकारी गराई मूल्याङ्कन प्रक्रियाबाट अलग हुनुपर्नेछ।

१४. **<u>मूल्याङ्कन विधिः</u>** (१) शिक्षाध्यक्ष र डीनको दरखास्त देहायको आधारमा मूल्याङ्कन गरिनेछः-

| **क्र.सं.** | **मूल्याङ्कनका मुख्य आधारहरू** | **अधिकतम अङ्क** | **अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric)** |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | न्युनतम योग्यता (स्नातकोत्तर) बापत सात अंक, अतिरिक्त एक तह माथिको योग्यता बापत थप तीन अंक |
| २. | प्राध्यापन क्षेत्रको कार्यानुभव | १० | प्राध्यापन क्षेत्रको कार्यानुभव सात अंक, सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले थप अधिकतम तीन अंक |
| ३. | व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव | १० | न्यूनतम पाँच (५) वर्ष सम्मको अनुभव बापत सात अंक र सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले अधिकतम थप तीन अंक |
| ४. | अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन | १० | कम्तिमा दुई (२) वटा first author र कम्तिमा तीन वटा Co-author भएका अनुसन्धानमूलक प्रकाशन गरेकोलाई सात र सो भन्दा माथी अनुसन्धान भए first author प्रकाशनमा १ अङ्क र Co-author प्रकाशनमा ०.५ अङ्कका दरले अधिकतम थप तीन अंक |
| ५. | सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना | ४० | सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार शब्दको हुनेछ। |

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| | (Strategic Action Plan) | | |
| ६. | अन्तर्वार्ता | २० | |
| कुल प्राप्ताङ्क (Total Score) | | १०० | |

(२) रजिष्ट्रार र निर्देशकको दरखास्त देहायको आधारमा मूल्याङ्कन गरिनेछः-

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | न्युनतम योग्यता (स्नातकोत्तर) बापत सात अंक, अतिरिक्त एक तह माथिको योग्यता बापत थप तीन अंक |
| २. | प्राध्यापन क्षेत्रको कार्यानुभव | १० | प्राध्यापन क्षेत्रको कार्यानुभव सात अंक, सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले थप अधिकतम तीन अंक |
| ३. | अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानात्मक लेखन, प्रकासन | १० | कम्तिमा एक वटा first author र कम्तिमा तीन वटा Co-author भएका अनुसन्धानमूलक प्रकाशन गरेकोलाई सात र सो भन्दा माथी अनुसन्धान भए first author प्रकाशनमा १ अङ्क र Co-author प्रकाशनमा ०.५ अङ्कका दरले अधिकतम थप तीन अंक |

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| ४. | व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव | १० | न्यूनतम पाँच वर्ष अनुभव बापत सात अंक र सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले अधिकतम थप तीन अंक |
| ५. | सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) | ४० | सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार शब्दको हुनेछ। |
| ६. | अन्तर्वार्ता | २० | |
| **कुल प्रासाङ्क (Total Score)** | | **१००** | |

(३) उपदफा (१) र (२) बमोजिमको सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) सम्बन्धित विज्ञद्वारा परीक्षण गरिनेछ।

**१५.** <u>अन्तरवार्ता:</u> (१) दफा १३ बमोजिमको अन्तरवार्ताको लागि उम्मेदवारलाई तीन दिनको समय दिई सम्बन्धित प्रतिष्ठानको वेवसाईट सार्वजनिक सूचना प्रकाशन गरी वा उम्मेदवारहरूको इमेल वा फोन मार्फत आमन्त्रण गर्नुपर्नेछ।

तर सम्पूर्ण उम्मेदवारहरूलाई निजहरूले आवेदनको क्रममा उपलब्ध गराएको इमेल तथा फोन मार्फत सूचना दिई उम्मेदवारहरू मञ्जुर भएमा तीन दिन अगावै समेत अन्तरवार्ता सञ्चालन गर्न सकिनेछ।

(२)उपदफा (१) बमोजिमको अन्तर्वातामा कुनै कारणले कुनै उम्मेदवार अन्तर्वार्ताको लागि तोकिएको मिति, स्थान र समयमा उपस्थित हुन नसकेमा निजलाई छनोट प्र यामा समावेश गरिने छैन।

**१६. कार्यसम्पादन करार तथा नियुक्तिः** (१) यस कार्यविधि बमोजिम सिफारिस भएका पदाधिकारीले पदवहाल गरेको पन्ध्र दिनभित्र उपकूलपति समक्ष अनिवार्य रूपमा कार्यसम्पादन करार (Performance Agreement) गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा सम्बन्धित पदाधिकारीले उम्मेदवारी पेश गर्दा बुझाएको रणनीतिक कार्ययोजना (Strategic Action Plan) लाई आधार मानी आफ्नो कार्यकालमा हासिल गर्नुपर्ने मुख्य लक्ष्य, सूचक र सम्पादन गर्नुपर्ने कार्यहरू स्पष्ट रूपमा समावेश गर्नु पर्नेछ ।

**१७. समितिको सचिवालय तथा कागजातको संरक्षणः** (१) प्रतिष्ठान रहेको स्थानमा समितिको सचिवालय रहनेछ।

तर भौगोलिक विकटता तथा सहजताका लागि प्रतिष्ठानले अन्य उपयुक्त स्थानमा समितिको सचिवालयको कार्य गर्ने गरी स्थान तोक्न सक्नेछ।

(२) समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू प्रतिष्ठानमा सुरक्षित राखिनेछ।

**१८. बाधा अड्काउ फुकाउनेः** (१) यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा वा कार्यविधिमा स्पष्ट व्यवस्था नभएको अवस्थामा, ऐनको व्यवस्था विपरित नहुने गरी समितिको सर्वसम्मत निर्णय बमोजिम बाधा अड्काउ फुकाउन वा थप व्याख्या गर्न सकिनेछ।

(२)उपदफा (१) बमोजिमको निर्णय एवं व्याख्या कार्यविधिको अभिन्न अङ्ग मानिनेछ।

**अनुसूची-१**

**(दफा ९ (२) सँग सम्बन्धित)**

**दरखास्त**

श्री अध्यक्षज्यू,
पदाधिकारीको छनोट तथा सिफारिस समिति,
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान।

**विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।**

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको रिक्त शिक्षाध्यक्ष / रजिष्ट्रार / डीन / निर्देशक पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। शिक्षाध्यक्ष/रजिष्ट्रार/डीन/अस्पताल निर्देशक को पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव म सँग रहेको छ। म शिक्षाध्यक्ष /रजिष्ट्रार/डीन/निर्देशक पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. **प्रतिष्ठानको नामः**

२. **नियुक्ति हुन चाहेको पदः** शिक्षाध्यक्ष /रजिष्ट्रार/डीन/निर्देशक (आफुले चाहेको पदमा ✓ चिन्ह लगाउनुहोस्)

३. **दरखास्त पेश गर्ने व्यक्तिकोः**

**(क) व्यक्तिगत विवरणः**

नामथर (देवनागरी)ः……………….

Name:
English BLOCK LETTER: ……………………

हाल कार्यरत संस्थाः–…………………………..पद………………………………………

नेपाली नागरिकताको प्रमाण पत्र नं.ः………………..जारी मितिः……………………………..

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म

मितिः……………………..जिल्लाः………………………………..साल…..................
.......

महिना…………….............गते…………………………………..

सम्पर्क

नम्बरः……………………इमेलः–…………………………………………

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | स्नातक | | | | |
| | स्नातकोत्तर | | | | |
| | विद्यावारिधि र अन्य | | | | |

**(ग) अनुभवः**

| क्र.स. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### (घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

| क्र.स. | परियोजनाको शिर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलिको नामावली | परियोजना सम्पन्न गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### (ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

| क्र.स. | लेखको शिर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(च) तालिम सम्बन्धी विवरण**

| क्र.स. | तालिमको नाम | तालिम दिने संस्था | तालिमको अवधि | | तालिमको जम्मा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| **औठा छाप** | |
|---|---|
| **दाँया** | **बाँया** |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

## अनुसूची-२

## (दफा १० को खण्ड (झ) सँग सम्बन्धित)

## उम्मेदवारको स्वःघोषणा

विषयः स्वःघोषणा सम्बन्धमा।

प्रस्तुत विषयमा रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्ष / रजिष्ट्रार / डीन / निर्देशक पदका लागि आवेदनका साथमा देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

| | **छ** | **छैन** |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | | |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति वा बिदेशी नागरिकता प्राप्त गरेको | | |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | | |
| (घ) हाल कुनै राजनीतिक दलको सदस्य भएको, | | |
| (ङ) प्रतिष्ठानको क्षेत्रमा कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको, | | |
| (च) कुनै पनि लेख तथा प्रकाशनमा Plagiarism गरेको | | |

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्व-घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला।

उम्मेदवारको

हस्ताक्षरः...................................................................

नाम, थरः- ...................................................................

ठेगानाः- ............................ मोबाइल नम्बरः..............................

## अनुसूची-३

### (दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

### मूल्यांकनकर्ताको स्वःघोषणा

---

म राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको छनोट तथा सिफारीस प्रक्रियामा संलग्न रहँदा कुनै पनि उम्मेदवारसँग मेरो पारिवारिक, वित्तीय, राजनीतिक, संस्थागत वा अन्य प्रत्यक्ष/अप्रत्यक्ष स्वार्थ-संघर्ष नभएको घोषणा गर्दछु। यदि कुनै स्वार्थ-बाझिएमा/देखिएमा वा पछि जानकारीमा आएमा तुरुन्त समितिलाई जानकारी गराई सम्बन्धित मूल्याङ्कन प्रक्रियाबाट अलग रहनेछु।

यस प्रक्रियामा प्राप्त हुने कागजात, अंक, टिप्पणी, सन्दर्भ जाँच विवरण तथा अन्य संवेदनशील जानकारी गोप्य राख्नेछु।

नामः ................................................

पद/भूमिकाः ........................................

हस्ताक्षरः ..........................................

मितिः ................................................